५० घरधुरीलाई सुधारिएको चुलो वितरण । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७५५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-४४ ● २०८० जेठ ०१ गते सोमबार, ● 15 May, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरको चित्लाङ

# "घरमा सुत्केरी शून्य" घोषणा



विकास संवाददाता
थाहानगर

थाहा नगरपालिकाको दुईवटा वडालाई एकसाथ घरमा सुत्केरी हुने शून्य वडा घोषणा गरिएको छ । नगरको ९ र १० नम्बर वडालाई वडा नम्बर ९ को माझगाउँमा आयोजित एक समारोहबीच संस्थागत सुत्केरी सुनिश्चित भएको वडा घोषणा गरिएको हो । उक्त दुई वडा साविक चित्लाङ गाविस अन्तर्गत पर्दछन् ।

२७ वैशाखमा थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्ट, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य निरीक्षक बासुदेव रिमाल, वडा नं. ९ का वडा अध्यक्ष राजकुमार बलामी, दुबै वडाका वडा सदस्यहरू, स्वास्थ्यकर्मीहरू, स्वास्थ्य स्वयम्सेविकाहरू, सेवाग्राहीहरू, संचारकर्मी, स्थानीय बासिन्दा लगायतको सहभागितामा वडा नं. ९ र १० लाई 'जिरो होम डेलीभरी' वडा घोषणा गरिएको हो । नगर प्रमुख विष्टले चित्लाङ स्वास्थ्य चौकी र टौखेल सहरी स्वास्थ्य केन्द्रलाई प्रमाणपत्र प्रदान गरेर पूर्ण संस्थागत सुत्केरी सुनिश्चित भएको वडा घोषणा गरेका हुन् ।

दुई वडालाई संस्थागत सुत्केरी वडा घोषणा गर्दै थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले अब अन्य वडाहरूलाई बालमैत्री घोषणा गरेर सिङ्गो नगरलाई नै संस्थागत सुत्केरी हुने नगरको रूपमा विकास गर्नेगरी अभियान चलिरहेको बताए । उनले घरमा सुत्केरी सून्य गर्ने अभियानले दिगो विकासका दर्जन लक्ष्य हासिल गर्न मद्दत पुग्ने उल्लेख गरे । संस्थागत सुत्केरीको सुनिश्चिततासँगै नगरलाई बालमैत्री स्थानीय शासनयुक्त बनाउने अभियानको पनि आधार तयार भएको बिष्टको भनाइ थियो । उनले बिषम परिस्थितिमा पनि अहोरात्र खटेर नागरिकको लागि काम गर्ने स्वास्थ्यकर्मीलाई धन्यवाद दिए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले नगरवासीलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिका प्रतिबद्ध रहेको बताए । समारोहको अध्यक्ष रहेका वडा अध्यक्ष राजकुमार बलामीले वडाको प्राथमिकता नै शिक्षा र स्वास्थ्य रहेको उल्लेख गरे । वडामा कुनै पनि महिला घरमा सुत्केरी भएका छैनन् अर्थात् सबै सुत्केरी स्वास्थ्य संस्थामै भएको छ भन्ने तथ्याङ्क प्रमाणीकरण भएपछि जिरो होम डेलीभरी वडा घोषणा गरिन्छ ।

चालु आर्थिक वर्षको हालसम्म वडा नं. ९ को चित्लाङ स्वास्थ्य चौकीमा १६ जना सुत्केरी भएका छन् भने वडा नं. १० को टौखेल सहरी स्वास्थ्य केन्द्रमा ३ जना सुत्केरी भएका छन् । गत आर्थिक वर्षमा दुबै संस्थामा गरी २९ जना सुत्केरी भएका थिए । स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी गराउन सम्भव नभएका १४ जनालाई काठमाडौं 'रिफर' गरिएकोमा सबैको शल्यक्रियाबाट सुत्केरी गराइएको थियो ।

# थाहानगरका ५० कृषकलाई टनेल बनाउन सहयोग हस्तान्तरण



◆ विकास संवाददाता

थाहा नगरपालिकामा व्यवसायिक तथा आधुनिक खेती प्रणालीतर्फ कृषकहरू आकर्षित भइरहेको बेला थाहा नगर पालिकाले ५० जना कृषकहरूलाई प्लास्टिक टनेलका लागि सहयोग गरेको छ ।

च्वाइस नेपाल र कृषकहरूसँगको सहकार्यमा नगरपालिकाको कृषि विकास शाखाले सोमबार कृषकहरूलाई टनेलका लागि प्लास्टिक वितरण गरेको हो । नगरपालिकाको प्राङ्गणमा आयोजित एक अनौपचारिक कार्यक्रमका बीच थाहा नगर पालिकाका प्रमुख विष्णुबहादुर विष्ट, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी र कृषि प्रसार अधिकृत संजय तिवारीले कृषकहरूलाई प्लास्टिक वितरण गरेका हुन् ।

प्लास्टिक वितरण गर्दै नगर प्रमुख विष्टले कम लागतबाट अधिकतम उत्पादन र गुणस्तरीय उत्पादनबाट अधिकतम लाभको लागि नगरपालिकाले नवीनतम प्रविधिमा आधारित कृषि प्रणाली विकासमा जोड दिइरहेको बताए । उनले नगरपालिका र च्वाइसको सहयोगलाई सदुपयोग गरी आर्थिक स्तर वृद्धिमा ध्यान दिन कृषकहरूलाई आग्रह गरे । नगरपालिकाले कृषकहरूलाई ७२ वर्गमिटरको ९० जिएसएम सिल्पोलिन प्लास्टिक वितरण गरेको हो । नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार टनेलका लागि प्लास्टिक वितरण गर्न रू. डेढ लाख विनियोजन गरिएको र कृषकहरूको करिब सोही बराबरको लगानीमा कृषकहरूबाटै प्लाास्टिक खरिद गरिएको थाहा नगरपालिकाका कृषि शाखा प्रमुख संजय तिवारीले जानकारी दिए ।

कृषि शाखा प्रमुख तिवारीका अनुसार २५ वैशाखमा प्लास्टिक वितरण गरिएका कृषकहरूका लागि च्वाइस नेपालले फलामको टनेल निर्माणमा सहयोग गर्नेछ । प्रति टनेल रू. ४५ हजार खर्च अनुमान गरिएको टनेलका लागि च्वाइस नेपालको प्रति टनेल रू. २५ हजार खर्च हुने र कृषकहरूले पनि लगानी गर्नेगरी सम्झौता गरिएको उनले जानकारी दिए । टनेल निर्माणका लागि प्रक्रिया अघि बढिसकेको र ६ जना कृषकहरूको लागि शिखर बचत तथा ऋण सहकारी संस्थाको समेत सहयोग रहने च्वाइस नेपालका ग्रामीण विकास विज्ञ प्रताप घिमिरेले जानकारी दिए ।

# सुझाव लिन हेटौंडा उपमहानगरको क्युआर कोड सार्वजनिक

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले नगरवासीको सुझाव तथा सल्लाह संकलनका लागि बिहीबार क्युआर कोड सार्वजनिक गरेको छ । उपमहानगर पालिकाले आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट, नीति तथा कार्यक्रमहरू तय गर्नका लागि सुझाव संकलन गर्ने उद्देश्यले क्युआर कोड सार्वजनिक गरेको हो ।

उपमहानगरपालिकाले निर्माण गरेको क्युआर कोड प्रत्येक वडा कार्यालय, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र साथै उपमहानगरपालिकाको फेसबुक पेज र ट्विटर एकाउन्टमार्फत सार्वजनिक गरिएको हो। उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले आगामी वर्षको बजेट, नीति तथा कार्यक्रमका निर्माणका क्रममा उपमहानगरपालिकाले सर्वसाधारणलाई समेत समेट्ने उद्देश्यले क्युआर कोड सार्वजनिक गरेको बताइन् ।

उनले उपमहानगरमा विभिन्न चरणमा विषयगत समिति, शाखा, महाशाखागत रूपमा छलफल भइरहेको जानकारी दिँदै नगरवासीले समेत सुझाव प्रदान गरी समृद्ध र विकसित उपमहानगर बनाउन महत्वूर्ण भूमिका खेल्न सक्ने भएकाले क्युआर कोड सार्वजनिक गर्दै नगरवासीहरूलाई सहभागी हुन अनुरोध गरिन् । उनले अगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्राविधिक दृष्टिले सामाजिक रूपमा सन्तुलित एवं राजनीतिक रूपमा स्वीकार्य विकास प्राप्तिका लागि समन्वय कायम गर्दै विकासका साझा गन्तव्य र प्राथमिकता चयन गर्ने योजनामा उपमहानगरपालिका रहेको मेयर लामाले बताइन् ।

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*
- विकास खबरपत्रिका



विकास खबरपत्रिका साप्ताहिक
www.bikaskhabar.com
२०८० जेठ ०१ गते सोमबार, 15 May, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


## • सम्पादकीय •

### पानी सदुपयोग र संरक्षणको सवाल

नेपालबाट छ हजार नदीनालाहरु भारततिर बग्छन् । भारतले तिनै नदीबाट बग्ने पानीलाई उचित सदुपयोग गर्दै आएको छ । त्यसैले आज भारत दक्षिण एशियाको खाद्यगोदाम र तरकारी तथा फलफूलको मण्डीका रुपमा स्थापित हुन सफल भएको देखिन्छ । नेपालको जलको महत्व र यसको उपयोगको विषयमा नेपालमा पनि बेला–बेलामा छलफल र विमर्शहरु भइरहन्छन् । नेपालले सन् २००९ देखि जल सप्ताह मनाउँदै पनि आएको छ । तर नेपालको पानी संरक्षण, पानी उपयोग र पानी कूटनीति आजसम्म त्यति ठीक नभएको कारण देश आज पनि खानेपानी र सिंचाईको उचित व्यवस्था गर्न सकिरहेको छैन । त्यसैले नेपालले जलसप्ताह मनाउनुभन्दा जल उपयोगको नीतिलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने आवश्यकता छ । नेपालमा वि.सं. १९४८ मा काठमाडौंमा वीरधारा भन्ने धाराको निर्माण भएपश्चात सरकारी तवरबाट खानेपानीको व्यवस्थापनको क्षेत्रमा काम शुरु भएको पाइन्छ । त्यसपूर्व नेपाली समाजमा सामुदायिक र व्यक्तिगतरुपमा कुलो खन्ने, खानेपानीका लागि पँधेरो बनाउने प्रचलन थियो ।

पहाडका उकाली ओराली तथा तराई अनि भित्री मधेसका बाटाका किनारहरुमा बटुवाहरुलाई विश्रामका लागि वरपिपल लगाउने, चौपारी बनाउने र पोखरी खन्ने प्रचलन थियो । अन्यथा पानीको स्रोतलाई पाइपबाट डोऱ्याएर गाउँमा पुऱ्याउने प्रविधिको विकास भएको थिएन । गाउँलेहरु गाग्री बोकेर बिहान सबेरै पानीको मुहानमा पुग्नु पर्दथ्यो । तराई र भित्रीमधेसमा सार्वजनिक इनार हरु खनिएका हुन्थे । त्यो समयमा पानीको स्रोत संरक्षणमा अत्यन्त ध्यान पुऱ्याउने गरिएको कुरा इतिहासमा पाइन्छ । बि.सं २०१३ सालबाट नेपालमा आवधिक विकासको कार्यक्रम शुरु भएको थियो । वि.सं. २०१३ बाट शुरु भएको प्रथम पञ्चवर्षीय योजनाले खानेपानी र सिंचाईका निमित्त पानीको सदुपयोग तथा व्यवस्थापनको प्रथमपटक अवधारणा अघि सारेको थियो । प्रथम पञ्चवर्षीय योजनाको सूत्रपात पछाडि बनेका विभिन्न व्यवस्थाका सरकारहरुले प्रथमतः खानेपानी र द्वितीय सिंचाईको प्रबन्धलाई प्राथमिकतामा राखेर काम गरेको देखिन्छ । तर आज पनि खडेरीको मौसममा देशका विभिन्न शहर तथा गाउँहरुमा पनि खानेपानीको हाहाकार भएको समाचारहरु आइहन्छन् । सिंचाईको व्यवस्थापनका क्षेत्रमा गर्नुपर्ने काममा सरकारको गति धिमा देखिन्छ । पर्याप्त सिंचाई सुविधा नभएका किसानहरुलाई प्रकृतिको भर पर्नु परेको छ । सिंचाईको अभाव मात्र होइन, यससँगै जोडिएर आउने मल तथा बिउबिजनको अभावले पनि कृषिप्रधान देश नेपाललाई कृषिमा परनिर्भरतातर्फ धकेल्ने काम भइरहेको छ । खानेपानी आपूर्तिको प्रश्नमा नेपालमा भएको विकासलाई भने सकारात्मकरुपमा लिन सकिन्छ ।

नेपाल जलस्रोतको धनी देशका रुपमा स्थापित छ भने अर्कोतिर यो खडेरीमा खानेपानी र सिंचाईको अभावको मारमा मुलुक परेको अवस्था छ । यस्तो किन भइरहन्छ ? यो निकै विचारणीय प्रश्न हो । यसको सिधा उत्तर यो हो कि हाम्रो देश नेपाल पानी संरक्षण, पानी सदुपयोग र समग्रमा पानी कूटनीतिमा असफल हुँदै आएको छ । नेपालले यी तिनै पक्षमा पुरानो कोर्स बदल्न जरुरी छ । अन्यथा पानी समस्या नेपालका लागि थप जटिल समस्या बन्ने पक्का छ । अर्कोतिर पानीको सही सदुपयोग र संरक्षण हुने हो भने नेपालको पानी विकासको स्वर्णद्वार पनि हो । त्यसैले अब नेपालको पानीको सदुपयोग, संरक्षण र कूटनीतिमा दृष्टिकोण बदल्न नितान्त जरुरी छ ।


**थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा**

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

**महत्वपुर्ण टेलिफोन नम्बरहरू**

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# बुढ्यौली समाज, विकासको दर र सामाजिक सुरक्षा



◆ शंकरमान सिंह

सन् २०११ को जनगणनाको तथ्यांकअनुसार नेपालमा ६० वर्ष र सोभन्दा माथिका नेपालको कुल जनसंख्याको ८.१ प्रतिशत मात्र हो । बुढ्यौलो जनसंख्या एक जीवित विश्वकोश हो । बढ्दो जनसंख्याले धेरै चुनौतीसमेत उत्पन्न गर्छ । यी समस्या र उनीहरूको आवश्यकतालाई सम्बोधन गर्न सरकारले सामाजिक सुरक्षा नीति, योजना तथा कार्यहरू तर्जुमा गरेको छ । नेपालको जनसंख्या अहिले बढ्दो क्रममा छ । बढ्दो जनसंख्याले सामाजिक, आर्थिक र स्वास्थ्य सेवा प्रणालीमा धेरै चुनौती उत्पन्न गर्छ । यी समस्या र उनीहरूका आवश्यकतालाई सम्बोधन गर्न नेपाल सरकारले ज्येष्ठ नागरिकका लागि छुट्टै नीति तथा सुरक्षा कार्यक्रम तर्जुमा गरेको छ । ज्येष्ठ नागरिकको हितलाई प्रवर्द्धन गर्न विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय महासन्धिहरू गर्न प्रतिबद्धसमेत छ ।

ज्येष्ठ नागरिकले आफूले प्राप्त गरेको अनुभव, ज्ञान र सीप पछिल्लो पुस्तामा हस्तान्तरण गर्नुपर्छ । यदि कोही मानिस ८० वर्षमा पनि सक्रिय रहन्छ भने त्यसमा युवावस्थाको विशेषता भएको मानिन्छ । प्रौढतालाई उमेर, अनुभव, दायित्व, शारीरिक र मानसिक सक्रियता तथा सामाजिक र मनोवैज्ञानिक प्रभाव आदिको मिश्रण मान्न सकिन्छ । त्यसैले कोही छिटो बूढो हुन्छ भने कोही ढिलो बूढो हुन्छ ।

प्रत्येक जनगणनामा नेपालीको आयु बढ्दो छ । दीर्घायु हुनु मानिसका चार वटा सुख निरोगी, धनसम्पत्ति, शीलवती पत्नी र आज्ञाकारी सन्तानमध्येको पहिलो सुख मानिन्छ । बालबालिकाको तुलनामा पाका पुस्ताको संख्या दीर्घकालसम्म वृद्धि हुन्छ भने त्यसलाई जनसंख्याको वृद्धत्व भनिन्छ । अर्को शब्दमा, कुनै देशको जनसंख्या पिरामिडको तल्लो भागको तुलनामा पाका पुस्ताको संख्यामा दीर्घकालसम्म वृद्धि हुन्छ भने त्यसलाई जनसंख्या वृद्धत्व भनिन्छ । नेपालमा विगत ३० वर्षको अवधिमा ६५ वर्ष र सोभन्दा माथिको जनसंख्या ५.८ प्रतिशतबाट बढेर ७.४ प्रतिशत भएको छ भने सोही अवधिमा कुल प्रजनन दर घटेर चारभन्दा कम हुन पुगेको छ । यस सन्दर्भमा, सरकारले वृद्धावस्था भत्ता, पेन्सन तथा वृद्धलाई आवश्यक पर्ने अन्य सुरक्षा र सुविधाका लागि नियमित बजेट बनाउनुपर्छ । सरकारले सामाजिक सेवामा खर्च बढाउँदा आर्थिक विकाससम्बन्धी खर्चमा कटौती गर्नुपर्ने हुन सक्छ ।

एउटा भनाइ छ, 'वृद्ध भएकोमा पश्चात्ताप नगर, यो धेरैले नपाएको अवसर हो ।' मुलुकमा यस्तो अवसर पाउनेको संख्या दिनप्रतिदिन बढ्दो छ, तर उचित व्यवस्थापनमा सरकारले ध्यान नपुर्याउँदा यहाँ वृद्ध भएकोमा 'पश्चात्ताप' हुनुपर्ने अवस्था आएको छ । पछिल्लो पाँच दशकमा ज्येष्ठ नागरिकको संख्या पाँच गुणा बढेको तथ्यांकले देखाउँछ । वि.सं. २०१८ को जनगणनामा ६० वर्षमाथिकाको संख्या ४ लाख ८९ हजार रहेकोमा पछिल्लो जनगणना २०७८ मा ज्येष्ठ नागरिकको संख्या उल्लेख्य रूपमा माथि पुगेको छ । यतिबेला यो संख्या २५ लाख हाराहारी पुगिसकेको सरकारी तथ्यांक छ । आगामी दिनमा मुलुकमा ज्येष्ठ नागरिकको संख्या झनै बढेर जानेछ । केन्द्रीय तथ्यांक विभागले प्रक्षेपण गरेअनुसार सन् २०३१ मा ज्येष्ठ नागरिक कुल जनसंख्याको ११ प्रतिशत रहने देखाएको छ । तर, यो प्रतिशत अझै बढ्ने अनुमान छ । लाखौं युवा बिदेसिएका कारण प्रजनन दर झनै घट्दो छ । यसले आगामी दिनमा ज्येष्ठ नागरिकको संख्या झनै बढ्ने देखाउँछ ।

युवा बिदेसिने क्रम रोकिए अहिलेको अवस्था उत्तम अवसरका रूपमा परिभाषित हुने थियो । सीप र ज्ञानले खारिएको ज्येष्ठ नागरिकको मार्गदर्शनमा युवा पुस्ता देश विकासमा जुटे नेपाल चाँडै समुन्नत हुने सम्भावनालाई नकार्न सकिन्न । ज्येष्ठ नागरिकको वृद्धिदर सहरको तुलनामा पहाडमा बढी देखिन्छ । आन्तरिक विस्थापन, बसाइँसराइ, सामाजिक द्वन्द्व, आधुनिकीकरणलगायतका कारण यस्तो देखिएको हो । काठमाडौंको कुल जनसंख्या १७ लाख ४४ हजार २ सय ४० मध्ये ६० वर्ष माथिका वृद्धवृद्धाको संख्या १ लाख ५ हजार ३ सय ३ छ । यो प्रतिशतमा ६.०३ हो । जबकि दुर्गम जिल्ला दार्चुलामा त्यहाँको जनसंख्याको ८.४ प्रतिशत ज्येष्ठ नागरिक छन् ।

सरकारले ज्येष्ठ नागरिकका लागि ज्येष्ठ नागरिक ऐन–२०६३, राष्ट्रिय ज्येष्ठ नागरिक नीति तथा कार्यनीति–२०५८ र ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना–२०६२ लगायतको व्यवस्था गरेको छ । यिनमा निःशुल्क स्वास्थ्य उपचार, क्षेत्रीय तथा केन्द्रीय स्तरमा आश्रम निर्माण तथा अन्य थुप्रै सुविधा उपलब्ध गराउने व्यवस्था छ । तर, यसको कार्यान्वयन राम्रोसँग नभएको ज्येष्ठ नागरिकको गुनासो छ । कतै वृद्धाश्रम जीर्ण भएको त कतै महँगो भएको उनीहरूको गुनासो छ । सरकारी पक्ष भने आफू ज्येष्ठ नागरिकप्रति संवेदनशील भएको बताउँछ । ज्येष्ठ नागरिकका लागि भत्ता व्यवस्थासँगै उनीहरूको मनोरञ्जन र सीप प्रयोग गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय क्रियाशील छ । सामाजिक सुरक्षा भत्ताले मात्र ज्येष्ठ नागरिकको सुरक्षा पूरा नहुने जनसंख्याविद् बताउँछन् ।

नेपालमा क्रियाशील श्रमशक्तिसँग सम्बन्धित उमेर समूह (१५-५९ वर्ष) का हिसाबले सबैभन्दा सुविधाजनक अवस्थामा पुगेको छ । जनगणना, २०७८ को राष्ट्रिय प्रतिवेदनअनुसार यस उमेर समूहमा यतिबेला कुल जनसंख्याको ६१.९६ प्रतिशत मानिस पर्छन् । यो संख्या १ करोड ८० लाख ७१ हजार ६ सय ८५ हो । अघिल्लो जनगणना, २०६८ को तुलनामा यो ५ प्रतिशत बिन्दुले बढी हो । तथ्यांकअनुसार पाँच वर्षभन्दा कम उमेरको संख्या १.३३ प्रतिशत बिन्दुले कम हुँदा ६० वर्षभन्दा माथिको उमेर समूहको संख्या २.०८ प्रतिशत बिन्दुले बढेको छ । यसले यो परास्त छ कि नयाँ जन्मिने भन्दा बुढ्यौली उमेरमा जानेको अनुपात बढ्दै गएको देखाउँछ । २०७८ सालको जनगणनाको तथ्यांकअनुसार जानसांख्यिक लाभ लिन सकिने सक्रिय श्रमशक्तिको यस्तो सुविधा नेपालले अझै दुई दशकसम्म निरन्तर लिन सक्ने सरोकारवालाको विश्लेषण छ । तर, मुलुकको विकासको धीमा गति र राजनीतिक अस्थिरता हेर्दा यो अवसर लाई उपयोग गरी मुलुक समृद्ध बनाउने अवसरबाट नेपाल चुक्न सक्ने जोखिमसमेत रहेको छ । हालै अर्थ मन्त्रालयका सचिवले सरकारले अब लामो समय सामाजिक सुरक्षा भत्ता बाँड्न नसक्ने बताएका छन् । बर्सेनि साधारण खर्च बढ्दै गएको र लामो समय सामाजिक सुरक्षा भत्तामा जाने खर्च धान्न नसक्ने भन्दै राज्यले सामाजिक सुरक्षा भत्ता बाँड्न नसक्ने बताएका हुन् । रोजगारीमा आबद्ध हरेक नागरिक अनिवार्य सामाजिक सुरक्षा कोषमा आबद्ध हुन जरूरी रहेको बताइन्छ ।

सचिवले सरकारले वार्षिक रूपमा करिब १ सय अर्बभन्दा बढी रकम सामाजिक सुरक्षा भत्तामा मात्रै खर्च गर्ने गरेको भन्दै राज्यकोषबाट यसरी सामाजिक सुरक्षा भत्ता बाँड्ने विद्यमान परिपाटी हटाउन आवश्यक रहेको मत राख्दै गर्दा तलब, भत्ता, पेन्सन खर्च कटौतीको उचारण भने गरेनन् । सरकारले सामाजिक सुरक्षामा धेरै खर्च गर्न नसक्ने भन्दै रोजगारीमा रहेका सबै नागरिकलाई सामाजिक सुरक्षामा जोड्न आवश्यक रहेको बताए ।

२०९८ सालपछि आजको ठूलो जनसंख्या बुढ्यौली उमेरमा पुग्ने भएकाले त्यसपछिको व्यवस्थापनमा भने आजैबाट काम सुरू गर्नुपर्नेबारे छलफल हुनुपर्नेछ । यस सन्दर्भमा, नेपालले अझै ३० देखि ४० वर्षसम्म जानसांख्यिक लाभ लिन सक्ने अवस्था रहेको विश्लेषण गरिन्छ । जसमा सबैभन्दा सहज अवस्था यसै दशकमा रहेको पनि देखिन्छ । यो सबैभन्दा ठूलो अवसर हो, यसलाई उपयोग गर्न सकेनौं भने अमूल्य अवसर खेर जानेछ । आर्थिक रूपमा सक्रिय मानिने श्रमशक्तिको ठूलो हिस्सा अहिले वैदेशिक रोजगारीमा छ । उनीहरूबाट नेपालले रेमिटेन्स प्राप्त गरिरहेको छ । तर, रेमिटेन्सबाट प्राप्त ठूलो रकम उपभोगमा प्रयोग भइरहेको छ । यसले नेपालको भविष्यलाई भने सुखद सन्देश नदिने पनि प्रस्ट छ ।

बढ्दो बसाइँसराइ, विदेश पलायन, परिवर्तित प्रजनन दर, मृत्युदर र औसत आयु हेर्दा हाम्रो देशको तरूण अवस्था अब धेरै समय टिक्ने देखिँदैन । अब लगभग पाँच वर्षपछि (सन् २०२८ मा) हामी 'बुढ्यौलो' समाज बन्दै छौं । त्यसपछि कुल जनसंख्याको ७ प्रतिशत ६५ वर्षभन्दा बढी उमेरका हुनेछन् । झट्ट हेर्दा यो थोरै देखिन्छ । जाबो ७ प्रतिशत बुढ्यौलो त के बुढ्यौलो भन्ने लाग्न सक्छ, तर यसलाई वर्गीकरण गर्ने हो भने १८ वर्षभन्दा मुनिकाले कामै गर्दैनन् । यसको मतलब १८ देखि ६५ वर्षबीचको जनसंख्या मात्र अर्थतन्त्रमा सक्रिय हुने हो, जुन निरन्तर घट्दै जानेछ । सन् २०५० पछि हामी 'बूढो' समाजमा रूपान्तरण हुनेछौं,

*बाँकी पृष्ठ ३ मा*

## बुढ्यौली समाज ... . .

अर्थात् कुल जनसंख्याको १४ प्रतिशत ६५ वर्षभन्दा बढी उमेरका हुनेछन् । यसबीच महिलाहरूले कम उमेरमै बच्चा नपाउने गरी ढिला विवाह गर्ने गरे थोर बहुत यो जनसांख्यिक झ्याल तन्किन सक्छ ।

सरकारले वृद्धहरूको कल्याणको हेरचाह गर्ने जिम्मेवारी छ र उनीहरूलाई पर्याप्त मासिक भत्ता प्राप्त गर्ने सुनिश्चित गर्नु सही दिशामा एक कदम हो । तर पैसा कतैबाट आउनुपर्छ र हाम्रो अवस्थामा त्यो हाम्रो विकास बजेटको खर्चमा कतौतीबाट आउँछ । तर, पैसालाई देशको अर्थतन्त्रमा पुर्‍याउन सकियो भने त्यस्तो

> आर्थिक रूपमा सक्रिय मानिने श्रमशक्तिको ठूलो हिस्सा अहिले वैदेशिक रोजगारीमा छ । उनीहरुबाट नेपालले रेमिटेन्स प्राप्त गरिरहेको छ । तर, रेमिटेन्सबाट प्राप्त ठूलो रकम उपभोगमा प्रयोग भइरहेको छ । यसले नेपालको भविष्यलाई भने सुखद सन्देश नदिने पनि प्रस्ट छ ।

घाटा हुँदैन । त्यसो भए यदि प्राप्तकर्ताले त्यो पैसा खर्च गरे भने यो देशको अर्थतन्त्रका लागि राम्रो हुनेछ ।

यदि तिनीहरूले यसलाई आफ्नो सुरक्षित बाकसमा लुकाएर राखे भने यो ठूलो बर्बाद हुनेछ । एक जना प्रसिद्ध भारतीय अर्थशास्त्रीले एकपटक भनेका थिए, भारतीयहरू पैसा बचत गर्नमा राम्रा छन्, किनभने तिनीहरूको बचतले देशको आर्थिक वृद्धिमा केही योगदान गर्दैन । नेपालको हकमा पनि त्यस्तै हो । सरकारले खाँचोमा परेकाहरूलाई रकम वितरण गर्नुपर्छ, साथसाथै उनीहरूलाई देशको अर्थतन्त्र बढ्ने गरी पैसा खर्च गर्न प्रोत्साहन गर्नुपर्छ ।

# अचानक किन बाउँडिन्छ खुट्टा ?



अचानक खुट्टा बाउँडिने अर्थात् पिडुँलाको मासु फर्किएको अनुभव धेरैले गरेका हुन्छन् । पिडुँलाको मासु फर्किएमा अत्यधिक पीडा हुन्छ । यसको कारण थाहा पाएमा छिट्टै उपचार पनि हुन्छ । तर धेरैलाई पिडुँलाको मासु किन फर्किन्छ भन्ने कारण थाहा नहुँदा थप जटिल बन्दै जान्छ ।

मांसपेशीमा रक्तचापको मात्रा बढ्दा, तापक्रममा असामान्य परिवर्तन वा विभिन्न रसायनको प्रतिक्रिया भएमा खुट्टा बाउँडिएर अनियन्त्रित खालको कडा दुखाइ हुन सक्छ । यसलाई बोलीचालीको भाषामा खुट्टाको पिडुँलाको मासु फर्किनु पनि भन्ने गरिन्छ । बाउँडिंदा पिडुँलाको मासु खुम्चिन्छ र त्यहाँ मासुको डल्लो जम्मा हुन्छ ।

केही सेकेन्ड वा केही मिनेटसम्म एकैठाउँ डल्लो परेको मासु ठीक ठाउँमा आउन केही समय लग्छ । तर पटक-पटक यो समस्या भएमा चिकित्सकको परामर्श लिनैपर्ने हुन्छ । यो जुनसुकै उमेर समूहमा देखिन सक्छ ।

### कारण

खुट्टाको मासु किन फर्किन्छ ? भन्नेको ठोस कारण अहिलेसम्म विज्ञहरूले पत्ता लगाउन सकेका छैनन् । तर खराब जीवनशैली र अस्वस्थकर खानपानलाई यसको कारक मानिएको छ ।

### पानीको मात्रा कम हुँदा

शरीरमा पानीको कमीले गर्दा पनि मानिसहरूलाई मांसपेशी बाउँडिने गर्छ । शरीरमा पानी कम हुँदा शरीरमा पौष्टिक तत्वको कमी हुन्छ । शरीरमा तरल पदार्थ तथा मिनरल्सको कमीले गर्दा इलेक्ट्रोलाइटको मात्रा बिग्रिन्छ । यसले शरीरको मासुलाई पनि राम्रोसँग काम गर्न सहयोग पुर्‍याउँछ, साथै मासुलाई खुम्चिन र खुल्न सहयोग गर्छ । यदि शरीरमा पानीको मात्रा कम भएमा मासुको काम गर्ने क्षमतामा कमी हुन गई खुट्टा बाउँडिने गर्छ ।

### पोटासियमको अभाव

पोटासियमले मुख्यतया मांसपेशीको कोषिका र स्नायु प्रणालीलाई नियन्त्रण गर्छ । पोटासियमले मांसपेशीको संकुचन, बिस्तार र स्नायुबाट मस्तिष्कमा संकेत पठाउने प्रक्रियामा पनि महत्त्वपूर्ण भूमिका खेल्छ । यस्तो अवस्थामा जब शरीरमा पोटासियमको कमी हुन्छ, खुट्टाको मांसपेशी बाउँडिन सक्छ । केही अध्ययनले भिटामिन डीको कमीले पनि खुट्टा बाउँडिन सक्ने देखाएका छन् ।

### हाइपो थाइराइड

थाइराइड हार्मोन कम हुँदा मेटाबोलिजम पनि कम हुन्छ । दैनिक काम गर्दा उच्च मेटाबोलिजमको आवश्यकता पूर्ति हुन नसकेर खुट्टाको मासु फर्किने गर्छ ।

### लामो समयसम्म उभिंदा

एकै ठाउँमा एकै किसिमको आसनमा लामो समयसम्म उभिँदा वा असहज तरिकाले लामो समयसम्म बस्दा यस्तो समस्या देखिन सक्छ । त्यस्तै अग्ला हिल लगाउनाले पनि खुट्टामा दबाब पर्ने गर्छ ।

### गर्भवती

गर्भवती महिलालाई पनि खुट्टा पल्टिने सम्भावना बढी हुन्छ । यस्तो समस्या गर्भवती भएको दोस्रो चौमासिकमा सुरू भई तेस्रो चौमासिकमा अन्त्य हुने गर्छ । गर्भवती अवस्थामा पाठेघरले नसा तथा रक्तनलीमा चाप दिन खुट्टा पल्टिने हुन्छ ।

यदि गर्भवती अवस्थामा पटक-पटक मासु बाउँडिन्छ भने चाहिं तुरून्त चिकित्सकको सल्लाह लिनुपर्छ ।

### अनियन्त्रित मधुमेह

डाइबिटिज न्युरोप्याथीको समस्या भएकालाई पनि यो समस्या हुन सक्छ । रगतमा चिनीको मात्रा बढी हुँदा धेरै पिसाब लाग्ने हुँदा पानीको मात्रा कम हुन गई खुट्टा पल्टिने हुन सक्छ । र, खुट्टा पल्टेको महसुस गरेमा तुरून्त चिकित्सकको सल्लाह लिनुपर्छ ।

अत्यधिक मदिरा पिउनेहरूमा अल्कोहोलिक न्युरोप्याथीको समस्या हुन सक्छ, जसको प्रमुख लक्षणको रूपमा खुट्टा दुख्ने र पल्टिने देखिन्छ । त्यस्तै अत्यधिक मदिरा पिउनाले बढी पिसाब लाग्ने कारण व्यक्तिमा पानीको अभाव हुन गई खुट्टा पल्टिने समस्या हुन सक्छ ।

### औषधि

पिसाब लगाउने औषधि, कोलेस्टेरोलको मात्रा कम गर्ने औषधि, एन्टिसाइकोटिक औषधि र स्टेरोयडलगायत औषधिले पनि मासु बाउँडिने र पल्टिने समस्या देखिने सम्भावना प्रबल रहन्छ । यदि यस्तो समस्या पटक-पटक देखिए चिकित्सकको परामर्श लिनुपर्छ ।

### पहिचान तथा उपचार

कहिलेकाहीं मात्र यो समस्या देखिए मालिस गर्दा पनि ठीक हुन्छ । तर बारम्बार मासु फर्किएमा स्वास्थ्य परीक्षण गर्नुपर्छ । स्वास्थ्य परीक्षणका लागि थाइराइड, भिटामिन डी, क्याल्सियमको मात्रा थाहा पाउन रगत परीक्षण गराइन्छ । यो समस्याको कारण एक मात्र नभई धेरै हुने हुँदा यसको उपचार लक्षण पत्ता लगाएर सोही अनुसारको उपचार हो । जस्तै, पानीको अभावले हो भने पर्याप्त मात्रामा पानी पिउने, भिटामिनको कमी भए चिकित्सकले परीक्षणपछि सप्लिमेन्टको रूपमा भिटामिन दिन सक्छन् । यससँगै पौष्टिक आहारमा जोड दिन आवश्यक हुन्छ । कसैलाई यससम्बन्धी औषधि पनि चलाउनुपर्ने हुनसक्छ, जुन बिरामीको अवस्था हेरेर निर्क्योल गरिन्छ । अचानक मासु फर्किएको अवस्थामा जतापट्टि फर्किएको छ, त्यसको उल्टो पट्टि मालिस गर्नुपर्छ । त्यससँगै मांसपेशी तन्काउनुपर्छ । र, हल्कासँग मसाज गर्न सकिन्छ ।

### रोकथामका उपाय

- पर्याप्त मात्रामा पानी पिउने तथा झोलिलो खानेकुरालाई प्राथमिकता दिने ।
- दैनिक मांसपेशी तन्किने खालका शारीरिक व्यायाम गर्ने ।
- लगातार लामो समयसम्म नउभिने र अप्ठ्यारो गरेर एकै आसनमा नबस्ने ।
- मासु फर्किएर दुखेको ठाउँमा तेल लगाएर मसाज गर्ने ।
- पोटासियम, क्याल्सियम र म्याग्नेसियम धेरै भएका खानेकुरा, फलफूल, गेडागुडी प्रशस्त मात्रामा खाने ।






# कैलाशको वडा कार्यालय र स्वास्थ्य चौकीमा बिजुली पुग्यो

◆ विकास संवाददाता

मकवानपुर जिल्लाको विकट कैलाश गाउँपालिका वडा नम्बर ४ को वडा कार्यालय र स्वास्थ्य चौकीमा बिजुली पुर्‍याइएको छ । वडा कार्यालय र आधारभूत स्वास्थ्य चौकीमा २९ वैशाखमा बिजुली बत्ती बालेर विद्युत सेवा प्रसारणको उद्घाटन गरिएको हो । गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले विद्युत सेवा उद्घाटन गर्दै कैलाशको सबै क्षेत्रमा बिजुली पुर्‍याउने विश्वास दिलाएका छन् ।

बुकुटी, लिक्चे लगायतका गाउँ भने अझै अन्धकार छ । गाउँपालिकाले यी गाउँलाई उछिनेर ४ नम्बर वडा कार्यालय र स्वास्थ्यचौकीमा बिजुली पुर्‍याएको हो । ४ नम्बर वडाध्यक्ष तिलक मोक्तानले वडा कार्यालयमा काम गर्न समस्या भएकाले तत्कालका लागि वडा कार्यालय र स्वास्थ्यचौकी भएको स्थानमा बिजुली पुर्‍याइएको बताए । वडामा बिजुली नपुगेका कारण पञ्जीकरणलगायतका काम गर्न असहज भएको, सोलारबाट फोटोकपी गर्न पनि समस्या हुन गरेको तथा इन्टरनेट पनि निकै कमजोर भएकाले हालका लागि वडा भवनमा मात्र बिजुली पुर्‍याएको मोक्तान बताउँछन् । वडाका बुकुटी, लिक्चे, च्याँखेटार, स्यार्स्याङ देउतिस लगायतका स्थानमा विद्युतीकरणका लागि प्रक्रिया सुरु भइसकेको वडाध्यक्ष मोक्तानले जानकारी दिए । गाउँपालिका अध्यक्ष लोक मोक्तानले अन्धकार गाउँहरूमा बिजुली पुर्‍याउन लागिपरेको बताएका छन् । नागरिककै अतिआवश्यक कामहरू रोकिराखेकाले छिटो गरी वडामा बिजुली लगेको मोक्तानले बताए । मोक्तानले सम्बन्धित गाउँका मानिस सक्रिय नभएकाले बिजुली पुर्‍याउन समस्या भएको बताएका छन् ।

बिजुली नपुगेका गाउँका युवाहरू कतिपय विदेश गएका, कतिपय सहर पसेका काम गर्ने मान्छे नभएकाले बिजुली बत्ती पुर्‍याउन कठिनाई भएको अध्यक्ष मोक्तानले बताए । 'गाउँमा वृद्धवृद्धामात्र रहेका छन् । गाउँ पनि दुर्गममा पर्ने कारणले बिजुली पुर्‍याउन नसकिएको हो', उनले भने । तर, पनि कैलाशका गाउँबासीलाई बिजुलीबाट बञ्चित नगराउन दिनरात खटिने मोक्तान बताउँछन् । ४ नम्बर वडा कार्यालय भवन भएको स्थानमा बिजुली पुग्दा बिजुलीको तार मुनि रहेका दुई वटा गाउँ भने अझै अन्धकार छन् । बुकुटी, लिक्चेलगायतका गाउँका बासिन्दा नाङ्गो तार मात्र टुलटुलु हेरेर बस्नुपर्ने अवस्थामा छन । जिल्लाका १० स्थानीय तहमध्ये कैलाश, राक्सिराङ, बकैया, बागमतीका विभिन्न गाउँमा बिजुली पुग्न सकेको छैन ।

नेपालमा उत्पादित विद्युत अन्य मुलुकमा निर्यात हुन थालिसकेको अवस्थामा र मकवानपुरमा निजी क्षेत्रको १ र सरकारी स्वामित्वको ३ ओटा जलविद्युत आयोजना रहेता पनि गाउँ अन्धकार छन् । कैलाशको वडा नम्बर ४ च्याँखेटारका बासिन्दा अझै अन्धकार मै बसिरहेका छन् । आफ्नै गाउँको बाटो हुँदै अन्य गाउँमा र पालिकासम्म विद्युत जान दिने च्याँखेटारका बासिन्दा आफूहरू अँध्यारोमै बस्नुलाई आफ्नो नियति ठान्ने गरेका छन् । च्यार्खेटारबाट बिजुलीको तार लगेको ३ वर्षभन्दा बढी भइसकेको छ । स्थानीय जनप्रतिनिधिको वेवास्थाले च्यार्खेटार हालसम्म पनि अन्धकार बन्न परेको हो ।

## ३५ दिनभित्र घटना दर्ता गरे अण्डा उपहार

◆ विकास संवाददाता

जन्म, मृत्यु, बसाईसराईलगायतका व्यक्तिगत घटना दर्ता तोकिएको निश्चित समय ३५ दिनभित्रै गराउनुपर्ने कानुनी प्रावधान छ । तर, अधिकांशले समयमै घटना दर्ता गराउने गरेको पाइदैन । जनचेतनाको कमीलगायतका कारण समयमै घटना दर्ता नगराउँदा धेरै कानुनी समस्या भोगेका उदाहरण छन् । घटना दर्ता तोकिएको समयमा नगराउँदा आफ्ना वडाबासीले दुःख पाउन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै मनहरी गाउँपालिकाको एउटा वडाले उपहार कार्यक्रम नै ल्याएको छ ।

मनहरीको ५ नम्बर वडाले २ दिवशीय घटन दर्ता शिविर गर्दै उपहार कार्यक्रम ल्याएको हो । वडाअध्यक्ष दीपेन्द्र अधिकारीले १ वर्ष मुनि जन्मदर्ता गराउन आउने सेवाग्राहीलाई एक क्रेट अण्डा उपहार प्रदान गरिने कार्यक्रमको सुरुवात गरेका छन् । व्यक्तिगत घटनादर्ता र कार्यालयबाट प्राप्त हुने सेवा सहितको शिविरमा १ सय ४२ जनाले सेवा लिए । शिविरबाट ४५ हजार १ सय ८८ रुपैयाँ राजश्व संकलन भएको वडाअध्यक्ष अधिकारिले जानकारी दिए ।

शिविरबाट मालपोत तथा सम्पत्ती कर तर्फ पहिलो दिन ३० जना र दोस्रो दिन १४ गरी ४४ जनाले सेवा लिएका हुन् ।

## गढीका महिलाहरु बाँस र निगालोका सामाग्री बनाउँदै

◆ विकास संवाददाता

मकवानपुरगढीमा बाँस र निगालोका सामाग्री सामाग्री बनाउने काममा महिलाहरू अग्रसर भएका छन् । आफ्नै बारी र वरपरको जंगलमा पाइने बाँसका सामाग्री बनाएर बिक्री गर्नका लागि सहज होस भन्ने उदेस्यले तालिम दिएपछी घर मै रोजगारीको अबसर पनि सृजना भएको छ । मकवानपुरगढी गाउँपालिका वडा नम्बर-२ शिखरकटेरीमा गाउँपालिकाको लघु उद्यम बिकास इकाइले गरिबी निबार णका लागि लघु उद्यम कार्यक्रम अन्तर गत बाँस तथा निगालोको हस्तकला सामाग्री निर्माण, सीप बिकास तालिम सञ्चालन गरेर स्थानीय स्तरमानै रोजगारीको अबसर सृजना गर्न लागिएको हो ।



तालिमपछी बाँसका सामाग्री बनाउने काममा लाग्नेहरूलाई उद्यमी बनाउनका लागि प्रबिधि समेत हस्तान्तरण गरिने र यस्ता कामलाई प्रोत्साहित गदै लगिने मकवानपुरगढी गाउँपालिकाका कृषि शाखाका प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । यही बैशाख १५ गते देखि सुरू भएर जेठ ३ गते सकिने तालिममा १३ जना महिला र दुइ जना पुरुष सहभागि छन् । तालिममा बाँस र निगालोबाट बन्ने डोका, नाङ्लो, डस्बिन, मुढा, डायनिङ टेबल, कुर्सी लगायतका सामाग्री बनाउनका लागि सिकेका छन् । यो सिपलाई कार्यान्वयन गर्नका लागि आबस्यक कच्चा पदार्थ पनि आफ्नै वर पर पाइने र बिक्री गर्नका लागि पनि समस्या नहुने चौधरीले बताए ।

गढी गाउँपालिकाले दिएको यो तालिमबाट स्थानीय स्तरमा पाइने बाँस र निगालोका सामाग्रीबाट रोजगारीका अबसर सृजना हुने भएको छ ।

# हेटौंडामा 'लमपी स्क्रिन' रोग विरूद्धको खोप लगाउन सुरू

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले गाई बस्तुमा देखिएको 'लमपी स्क्रिन' रोग बिरूद्धको खोप लगाउन सुरु गरेको छ । चैत महिनामा देखिएको रोगका कारण गाईबस्तु मर्ने र रोगको संक्रमण बढ्दै जाने क्रम भएपछि उपमहानगर पालिकाले खोप खरीद गरी लगाउन सुरु गरेको हो ।

खोप खरीद गरेसँगै हेटौंडा उपमहानगरपालिकाको ३ र १९ मा खोप लगाउँने कार्य सकिएको छ । ३१ वैशाख दुई वडामा 'लमपी स्क्रिन' बिरूद्धको खोप लगाउने कार्य सकिएसँगै २५ वैशाखबाट नगरका सबैवडामा पशुप्राविधिकको सहयोगमा अभियानलाई अघि बढाइने हेटौंडा उपमहानगरपालिका कृषि तथा पशु शाखा प्रमुख गंगा चौलागाईले बताइन् । पहिलो चरणमा १ हजार ५ सय खोप खरिद गरी वडामा रोगको संक्रमण दर हेरर वितरण गरेको र अपुग भए पुनः खरिद गरी गाईबस्तुमा लगाउने कामलाई निरन्तरता दिइने उनले जानकारी दिइन् । गत चैतमा नगरक्षेत्रको ७, ११, १२, १७ र १८ नम्बर वडामा किसानले पालेको गाईभैसीमा 'लमपी स्क्रिन' रोगको संक्रमण फेला परेको थियो ।

रोगका कारण पशुको ह्याकुला, पेटमा पानी जम्ने, खुट्टाको हाडजोर्नी सुन्नीने, दुग्धको उत्पादन घट्दै जाने, पशुमा ज्वरोको मात्रा उच्च हुने जस्ता लक्षण देखिने शाखाले जनाएको छ । रोगका कारण उपमहानगर क्षेत्रमा ७० वटा गाई भैसीको मृत्यु भएको छ भने करिब १ हजार ७ सय बिरामी रहेको बताइएको छ ।

# थाहानगर उद्योग वाणिज्य संघको २७ जेठमा चुनाव

◆ विकास संवाददाता

थाहानगर उद्योग वाणिज्य संघको नयाँ नेतृत्व चयनका लागि आगामी जेठ २७ गते निर्वाचन हुने भएको छ ।

१ जेठमा बसेको संघको कार्यसमिति बैठकले जेठ २७ गते अधिवेशन तथा साधारणसभाको मिति तय गर्दै उमेदवारी दर्ताका लागि जेठ २४ गतेको मिति तय गरेको महासचिव सुरेन्द्रमान प्रधानले जानकारी दिए । बैठकले आगामी वर्ष २०८०/०८१ सम्मको सदस्यता नवीकरणका लागि जेठ १९ गतेसम्मको म्याद तोकेको छ । संघको निर्वाचनमा मतदाता हुन आगामी वर्षसम्मको सदस्यता नवीकरण गरिसकेको तथा सदस्यता प्राप्ति गरेको एक वर्ष भइसकेको हुनु पर्ने विधानमा व्यवस्था रहेको महासचिव प्रधानले बताए ।

संघको अधिवेशनले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष उद्योग १, उपाध्यक्ष वाणिज्य १, उपाध्यक्ष वस्तुगत १, महासचिव १, कोषाध्यक्ष १, सचिव १, सह(कोषाध्यक्ष १, सदस्य वाणिज्य ७, सदस्य उद्योग २, सदस्य वस्तुगत २ गरि २० सदस्यीय कार्यसमिति प्रत्यक्ष निर्वाचन विधिबाट चयन गर्नेछ । कार्यसमितिमा ४ सदस्य मनोनित र १ सदस्य पदेन हुने व्यवस्था छ ।

संघको विधान अनुसार अध्यक्ष पदका लागि ३० हजार, पदाधिकारी पदहरूका लागि १५ हजार र कार्यसमिति सदस्य पदका लागि १० हजार उमेदवारी शुल्क रहने व्यवस्था छ ।

# लागूऔषधमा फरार थाहानगरका दुई अभियुक्तहरु पक्राउ

◆ विकास संवाददाता

इलाका प्रहरी कार्यालय पालुङले लागूऔषध मुद्दामा दोषी ठहर भई फरार थाहानगरका दुई जना अभियुक्तहरूलाई पक्राउ गरेको छ ।

प्रहरीले थाहा नगरपालिका १२ टिष्टुङका रामबहादुर तामाङ स्याङ्तान र थाहा ११ का बुद्धिमान तितुङलाई ३१ वैशाखमा पक्राउ गरेको हो । पक्राउ परेका दुवैलाई जिल्ला अदालत मकवानपुरमा बुझाएको पालुङ प्रहरीले जनाएको छ ।

स्याङ्तानलाई २०६९ साल पुष ११ गते ५ वर्ष कैद र ७५ हजार रूपियाँ जरि वाना फैसला गरेको थियो । स्याङ्तान सोहिबेलादेखि फरार थिए ।

यसैगरि तितुङलाई जिल्ला अदालत मकवानपुरले २०७२ साल भदौ १६ गते १ वर्ष कैद र २० हजार रूपियाँ जरिवानाको फैसला गरेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरु
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४
सम्पर्क नं. ९८०७१५३३००
२०८० जेठ ०१ गते सोमबार, 15 May, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



# हिमालयन बोर्डिङ मा जुरेस गठन



◆ विकास संवाददाता

अन्तर्राष्ट्रिय रेडक्रस दिवसको अवसर पारेर थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको हिमालयन इङलिस बोर्डिङ स्कुलमा जुनियर रेडक्रस सर्कल (जुरेस) गठन गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी उपशाखा दामनका सदस्य संगम कार्कीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको अवसरमा अर्विन कुमार कार्कीको सभापतित्वमा ११ सदस्यीय हिमालयन जुनियर रेडक्रस सर्कल गठन गरिएको हो । सर्कलको उपसभापतिमा प्रनिशा केसी, सचिव मिङ्मार लामा, उपसचिव समिक्षा थापा, कोषाध्यक्ष श्रीती कार्की, उपकोषाध्यक्ष स्वर्ण विक्रम सिंह ठकुरी तथा सदस्य हरूमा रितिका लामा, आशुम आलम, प्राश्ना भुजेल, रोनिश रायमाझी, रोशन रायमाझी रहेका छन,

सर्कलको शिक्षक नायक रूद्राक्ष सुवेदी र संरक्षक विद्यालयका प्रिन्सिपल बाबुलाल कार्की रहेका छन ।

# थाहाको दामन–सिमभन्ज्याङ क्षेत्रका ५० घरधुरीलाई सुधारिएको चुलो वितरण

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नंम्बर ४ र ५ का ५० घरधुरीलाई नि:शुल्क सुधारिएको चुलो वितरण गरिएको छ । थाहा नगरपालिकाको समन्वयमा नेपाल सरकार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र च्वाइस नेपालको सहकार्यमा थाहानगरको दामन सिमभञ्ज्याङ क्षेत्रका ५० घरधुरीका लागि २७ वैशाखमा सुधारिएको चुलो वितरण गरिएको हो । कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख बिष्णु बहादुर विष्ट र वडा नंम्बर ४ का अध्यक्ष नारायण लामाले स्थानीयहरूलाई चुलो हस्तान्तरण गरेका थिए ।

चुलो हस्तान्तरण गर्दै थाहा नगरपालिकाका प्रमुख विष्टले मानव स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पार्ने र ईन्धनको समेत बचत गराउने सुधारिएको चुलो वितरण कार्यक्रमलाई नगरपालिका भर बिस्तार गर्न च्वाईस नेपाललाई आग्रह गरेका छन् । सुधारिएको चुलो वितरण गर्न सहयोग गरेकोमा च्वाईस नेपाललाई धन्यवाद ज्ञापन गर्दै वडाका बाँकी घरघुरीहरूमा पनि सुधारिएको चुलो वितरणका लागि सहयोग गर्न थाहा नगरपाकि वडा नंम्बर ४ का अध्यक्ष नारायण लामाले च्वाईस नेपाललाई अनुरोध गरे । नेपाल सरकार वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको ३३ प्रतिशत अनुदानमा उपलब्ध हुने चुलोको लागि



बाँकी रकम थाहा नगर पालिकाको विकास साझेदार को रूपमा क्रियाशिल संस्था च्वाइस नेपालको वातावरण सुधार कार्यक्रम अन्तरगत लगानी रहेको च्वाइस नेपालका ग्रामीण विकास विज्ञ प्रताप घिमिरेले बताए ।

नेपालको १ हजार ५ सय मिटर भन्दा माथि बसोबास गर्ने परिवारलाई विभिन्न संघ संस्थासंगको सहकार्यमा नेपाल सरकार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले ३३ प्रतिशत अनुदानमा करिव १२ हजार मूल्य बराबरको सुधारिएको चुलो वितरण गर्दै आएको छ । दाउरा कम खपत हुने, धुँवा धुलो रहित चुलो निशुल्क प्राप्त भएकोमा थाहा ४ का सीताराम लामाले थाहा नगरपालिका र च्वाईस नेपाललाई धन्यवाद दिए ।

# थाहा र इन्द्रसरोवरमा अझै जग्गा वर्गीकरण बाँकी

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाले जग्गा वर्गिकरण सम्बन्धी कार्य अझै अघि बढाएका छैनन् । जिल्लाका ६ वटा स्थानीय तहले जग्गा वर्गिकरणको काम गरिसक्दा थाहा नगरपालिका र इन्द्रसरोवरले यससम्बन्धी काम गर्न नसकेका हुन् । यि दुवै पालिका मालपोत कार्यालय शिखरकोट अन्तर्गत पर्दछन् । जिल्लाका १० स्थानीय तहमध्ये हेटौंडा उपमहानगरपालिका, बागमती, बकैया, मनहरी, राक्सिराङ, कैलाश, मकवानपुरगढी र भीमफेदी गाउँपालिका मालपोत कार्यालय, हेटौंडाको कार्यक्षेत्रमा पर्दछ । मालपोत कार्यालय, हेटौंडा अन्तर्गत् हेटौंडा उपमहानगरपालिकाले सबैभन्दा पहिला वर्गीकरण टुंग्याएको हो ।

हेटौंडापछि मनहरी, बागमती, मकवानपुरगढी, राक्सिराङ र कैलाश गाउँपालिकाले जग्गा वर्गीकरण गरेर विवरण पठाएको मालपोत कार्यालयका मालपोत अधिकृत भीम परियारले जानकारी दिए । भीमफेदी र बकैया गाउँपालिकाले जग्गा वर्गीकरण हालसम्म नगरेको परियारले बताए । भीमफेदी गाउँपालिकाले जग्गा वर्गीकरणलाई अन्तिम रूप दिन लागे पनि मालपोत कार्यालय मकवानपुरमा विवरण बुझाएको छैन । भीमफेदीका अध्यक्ष हिदम लामाले गाउँपालिकाले कित्ताअनुसार जग्गा वर्गीकरण भएकाले सच्याउनुपर्ने भएमा वडा कार्यालयसँग समन्वय गर्न आग्रह गरेका छन् । भीमफेदी गाउँपालिकाले जिल्लामै पहिलोपटक कित्ताका आधारमा जग्गा वर्गीकरण गर्न गृहकार्य गरिरहेको खुलेको छ । यसअघि जग्गा वर्गीकरण गरेका ६ वटा स्थानीय तहले वैज्ञानिक ढंगबाट नभई अनुमानका भरमा जग्गा वर्गीकरण गरेको पाइएको छ ।

भीमफेदीले जग्गा वर्गीकरणको विवरण मालपोत कार्यालय र नापी कार्यालयमा नपठाएका कारण कित्ताकाट र खरिद बिक्री हुन सकेका छैन । भीमफेदीमात्र नभई बकैया गाउँपालिका, थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाले पनि जग्गा वर्गीकरण गर्न सकेका छैनन । जग्गा वर्गीकरण नहुँदा सर्वसाधारणले दु:ख पाउनुका साथै सम्बन्धित स्थानीय तहलाई नै राजस्व गुमिरहेको छ । थाहा नगरपालिका, बकैया र इन्द्रसरोबर गाउँपालिकाले जग्गा वर्गीकरणको गृहकार्य भने गरिरहेका छन् ।

सरकारले भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्ने योजनाले ल्याएको भूउपयोग ऐन–२०७६ मकवानपुरका ४ स्थानीय तहमा अझै कार्यान्वयनमा आउन नसकेको हो । भूउपयोग ऐन कार्यान्वयन गर्न गत २३ जेठमा सरकारले भूउपयोग नियमावली–२०७९ ल्याएपछि जिल्लाका ४ स्थानीय तह अझै अलमलमा छन् । थाहा नगरपालिका प्रमुख विष्णुबहादुर विष्टले जग्गा वर्गीकरण संवेदनशील विषय भएकाले सुझाव संकलन गरेर अन्तिम रूप दिने बताएका छन् । उनले जग्गा वर्गीकरण गर्न ठूलो चुनौती देखिएको भन्दै पहिलो चरणमा जनस्तरबाटै सुझाव संकलन गरेको बताए ।

इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले पनि जग्गा वर्गीकरणको विषय जटिल भएकोले समयमै काम गर्न नसकिएको बताए । तल्लो तहको समस्या नै नबुझी संघीय सरकारले जग्गा वर्गीकरण गर्न नियम बनाएको पुडासैनीको गुनासो छ । जनताको चाहना र नियम फरक भएकाले जग्गा वर्गीकरण गर्न समस्या भइरहेको उनको भनाइ छ । स्थानीय तहमा देखिएको समस्या र संघीय सर कारको जग्गा वर्गीकरण मापदण्डका कारण नियमावली आएको झण्डै एक वर्ष हुन लाग्दा स्थानीय तहहरूले वर्गीकरण गर्न नसकेको देखिएको हो ।

कृषि र गैरकृषिमा जग्गा वर्गीकरण गरेपछि कित्ताकाट खुल्ने गरेको छ । भू-उपयोग नीतिको मुख्य उद्देश्य नै कृषिको संरक्षण गर्नु रहेकोले कृषि र गैरकृषि छुट्टिएपछि जग्गाको कित्ताकाट खुल्ने जनाइएको छ । कृषि क्षेत्रका रूपमा वर्गीकरण गरिएको जग्गाको कित्ताकाटको क्षेत्रफल नियमावलीले तोकेको छ ।

# धार्मिक मेलाको आय व्यय सार्वजनिक

◆ विकास संवाददाता


मकवानपुरको इन्द्रसरोवर गाउँपालिका ४ फाखेलमा रहेको कालिका माध्यमिक विद्यालयमा लगाइएको धार्मिक मेलाको आय व्यय सार्वजनिक गरिएको छ । २८ वैशाखमा विद्यालयको ६२ औं बार्षिक अभिभावक भेलाको अवसरमा धार्मिक मेलाको आय व्यय सार्वजनिक गरिएको हो । विद्यालयको आयोजनामा गत चैत्र २३ गतेदेखि २९ गतेसम्म सञ्चालन भएको धार्मिक मेलामा दानवीरबाट प्राप्त रकम ४५ लाख ५ हजार ४ सय २८ रूपैंया जम्मा भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनवीर स्याङ्तानले बताए । जसमध्ये फ्रेम बिक्रिबाट ५ हजार, घोडा सवारबाट २२ हजार, दानपटीकाबाट १ हजार ९ सय ३० गरि ४५ लाख ३७ हजार ९ सय ६३ रूपैंया जम्मा भएको बताइएको छ ।

त्यसमध्येबाट व्ययतर्फ दोसल्ला, रामनामी तथा खादा खरिदमा ८३ हजार २ सय ७० रूपैंया, प्रचारप्रसारमा ९१ हजार १ सय ५० रूपैंया, पूजा सामाग्री खरिदमा ९२ हजार १ सय ६१ रूपैंया, खाजा तथा खानामा २ लाख ३२ हजार ७ सय ४९ रूपैंया खर्च भएको अध्यक्ष स्याङ्तानले बताए । यस्तै फ्रेम तथा सम्मान पत्रमा १ लाख १४ हजार ३५ रूपैंया, यातायात तथा ढुवानीमा ९९ हजार ९ सय, पण्डित समूहमा ६ लाख ९५ हजार, लामा समूहमा १ लाख ६३ हजार १ सय खर्च भएको तथ्यांक छ ।

> विद्यालयको आयोजनामा गत चैत्र २३ गतेदेखि २९ गतेसम्म सञ्चालन भएको धार्मिक मेलामा दानवीरबाट प्राप्त रकम ४५ लाख ५ हजार ४ सय २८ रुपैंया जम्मा भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनवीर स्याङ्तानले बताए ।

यस्तै, दानपेटीका खरिदमा २ हजार, म्याटेक्स खरिदमा १४ हजार १ सय १०, स्टेश्नरीमा १४ सय ९०, मसलन्दमा ७ हजार ४ सय ४० रूपैंया खर्च बताइएको छ। शिलालेख लेखनमा ४८ हजार तथा मिडियामा २१ हजार ५ सय रूपैंया गरि जम्मा १६ लाख ६५ हजार ९ सय ५ रूपैंया व्यय भएको हो । यो सबै खर्च कटाएर २८ लाख ७२ हजार ५८ रूपैंया रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष स्याङ्तानले जानकारी दिए ।

दानवीर दाताहरूबाट संकलन भएको यो रकम विद्यालयको भौतिक, तथा शैक्षिक प्रगतीका लागि खर्च गरिने विद्यालयका प्रधानाध्याक मानबहादुर स्याङ्तानले बताए। विद्यालयमा छात्रावासको व्यवस्था नहुँदा प्राविधिक शिक्षा पढ्न आउन चाहाने अन्य क्षेत्रको विद्यार्थीहरूलाई असहज भएको भन्दै छात्रावास निर्माणको लागि पहल सुरू गरिने उनले बताए ।



www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००

# पालिकाको न्यायिक समिति अब्बल बन्दै



◆ विकास संवाददाता

मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेश हेटौंडाको आयोजनामा थाहा नगरपालिमा एक दिने न्यायिक समिती तथा जनप्रतिनिधिसंग अन्तरसंवाद कार्यक्रम भएको छ । अन्तरसंवाद कार्यक्रममा न्यायिक समितिमार्फत हुने मेलमिलाप विवाद समाधानको वैकल्पिक उपायको औपचारिक संयन्त्र भएको चर्चा गर्दै अन्य उपायहरू अत्यन्त महँगो हुने हुँदा यसको लोकप्रियता बढिरहेको तर यो अदालतको विकल्प भने नभएको सहजीकरणको क्रममा बतायएको छ । थाहानगरको होटल पाइनस नयाँगाउँमा भएको एकदिने अन्तरसंवाद कार्यक्रममा थाहा नगरपालिका सहित ईन्द्रसरोवर गाउँपालिका तथा कैलाश गाउँपालिकाका न्यायिक समिती सदस्य तथा संयोजकहरूलगायत पालिका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष सहितको उपस्थिति रहेको थियो । मुख्य न्यायाधिवक्ताको कार्यालय हेटौंडाका उप न्यायाधिवक्ता बासुदेव लम्सालको अध्यक्षतामा सम्पन्न अन्तरसंवाद कार्यक्रममा मुख्य न्यायधिवक्ता ज्ञानेन्द्र नेपाल, ठाकुरराम भण्डारीलगायतले सहजीकरण गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथी समेत रहेका थाहानगर प्रमुख विष्णु बहादुर विष्टले स्थानीय तहको विवाद स्थानीय तहमा नै मिलाउने संवैधानिक व्यवस्था सराह्रानीय भएको उल्लेख गरे । मेलमिलापको माध्यमद्वारा न्याय निरूपण हुँदा "मैले केही छोडेँ, उसले केही छोड्यो" भन्ने हार्दिक मनोभाव पनि बढ्ने हुँदा यो व्यवस्था प्रशंसनीय रहेको विष्टको भनाइ थियो । उनले भने–'यो प्रक्रियालाई अझ विश्वसनीय बनाउन तालिम प्राप्त मेलमिलापकर्ताको परिचालन गर्नुपर्ने तथा मेलमिलाप केन्द्रहरूको स्थापना गर्नुपर्छ ।' कार्यक्रममा मेलमिलापकर्ताहरुले न्यायिक समितिले सामाजिक मुद्दाहरू निरूपण गर्नुपर्ने हुँदा कुनै मुद्दाहरूको समाधान खोज्ने प्रक्रिया बढ्दै जाँदा कानुनी समस्या उत्पन्न हुने र प्रक्रिया अघि बढ्न कठिन हुने हुँदा न्यायिक समितिहरूलाई निर्भीक रूपमा काम गर्ने वातावरण तयार गर्न कानुनी सल्लाहकारको व्यवस्था मिलाउन आवश्यक रहेको औल्याए ।

अन्तरसंवाद कार्यक्रममा थाहानगरका उपप्रमुख भरत गोपाली, कैलाश गाउँपालिकाका अध्यक्ष लोक बहादुर मोक्तान, कैलाशका उपाध्यक्ष बालकुमार मल्ल, ईन्द्रसरोवर गाउँपालिकाका उपाध्यक्ष उमा कुमारी लामा, थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, कैलाशका प्रमुख प्रसाशकिय अधिकृत असोक बिष्ट, इन्द्रसरोवरका प्रशासकीय अधिकृत प्रल्हाद कार्कीलगायत न्यायिक समिती सहजकर्ता मेलमिलापकर्ताहरू तथा वडा अध्यक्षहरूको सहभागिता रहेको थियो ।

# राक्सिराङ गाउँपालिकाका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइ शुरु

◆ विकास संवाददाता

मकवानपुरको विकट राक्सिराङ गाउँपालिका–३ स्थित सरिखेतपलासेमा रहेको सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाई सुरू गरिएको छ । पलासेमा रहेको सूर्योदय माध्यमिक विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा ३ सम्म अंग्रेजी माध्यमबाट पढाई सुरू भएको हो ।

२९ वैशाखमा एक कार्यक्रमकाबीच बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको उपस्थितिमा अंग्रेजी माध्यमको पढाई सुरूवात गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्ले जानकारी दिए । अंग्रेजी माध्यमबाट पढाईको उद्घाटन गर्दै बानियाँले गणतन्त्र, समावेशिता र संघीयताले शिक्षाको विकासमा ठूलो योगदान पुगेको बताए । शिक्षाले गाउँगाउँमा धेरै फड्को मारिरहेको भन्दै उनले अवस्था र व्यवस्था चुस्तदुरूस्त बनाउन तथा विकासनिर्माणमा फड्को मार्न समेत शिक्षा अपरिहार्य रहेको बताए ।

शिक्षामा सुधार तथा विद्यालयको भवन निर्माण तथा शैक्षिक सामग्रीका लागि प्रदेश सरकारबाट सहयोग गर्ने प्रतिवद्धतासमेत जनाए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओमराज घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, ३ नम्बर वडाध्यक्ष उत्तम वाईबा, जनप्रिय प्राविका प्रअ बलर ाम शाह ठकुरी, विद्यालयका प्रधानाध्यापक सीताराम सुवेदीलगायतले मन्तव्य व्यक्त गरेका थिए । ६ सय जना विद्यार्थी रहेको सूर्योदय माविमा ९ र १० कक्षामा बालीविज्ञान अध्ययन हुने गर्दछ । हाल ८० जनाले बाली विज्ञान अध्ययन गरिरहेको विद्यालयले जनाएको छ ।

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## नागरिकका कर्तव्य

- राष्ट्रपति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी